# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २४ जनवरी २०२५

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

१. दिल्लीको कर्त्तव्य पथमा आयोजित हुने ७६ ौं गणतन्त्र दिवसपरेडमा विशेष अतिथिको रूपमा उत्तर बंगालबाट प्रधानमंत्री नरेन्द्र मोदीले पाँच गोरखाहरूलाई निमंत्रित गर्नुभएको छ।
२. कोलकाता उच्च अदालतले , राज्य सरकार अनि सीबीआई द्वारा आरजीकर काण्डको दोषीलाई मृत्युदण्ड दिने मांग गर्दै दायर गरिएको याचिका माथि सोमबारको दिन सुनवाई गर्नेछ।
३. पश्चिम बंगालमा गणतंत्र दिवस समारोहलाई ध्यानमा राख्दै बीएसएफ ले कड़ा सुरक्षा व्यवस्था गरेको छ।
४. पश्चिम बंगाल की मुख्यमंत्री ममता व्यानर्जीको आदेश पछि राज्यका सबै जंगलमा प्रवेश शुल्क हटाईएको छ।
५. खरसांगमा आज देदखि शुरू भयो तीन दिने सेतु सुनखरी महोत्सव ।
६. जीटिए क्षेत्र , तराई डुर्वसमा हल्का वर्षा कुहिरोले जाड़ो निकै बढ़ेर गएको छ।

**निमंत्रणा**

यसपाली ७६ औं गणतंत्र दिवस परेडमा प्रधानमीं नरेन्द्र मोदीले विशेष अतिथिको रूपमा जीटिए क्षेत्रबाट दार्जीलिङ्को जीवन जोट बस्ती, नन्दलालका तथा सिलगड़ीको खोरीबारी निवासी उभेन्द्र प्रधानलाई निमंत्रित गर्नुभएको छ। नयाँ दिल्लीको कर्त्तव्यपथमा आयोजित हुन ७६ औं गणतंत्र दिवस परेड हेर्न यी महानुभावहरूलाई निम्ताईएको हो। यसरी नै जलपाईगुड़ीको मानावारीका सुर्जा छेत्री, अलिपुरद्वारको जयगावँका गाइदेन शेर्पा, अलीुपरको बहुबजारका राजु तामंगलाई पनि गणतंत्र दिवस परेड हेर्न दिल्ली बोलाईएको छ। वन्य जीव तथा वनसंरक्षणको क्षेत्रमा उल्लेखनीय यागदान पुऱ्याईएकोमा नेपाली भाषी यी गोरखाहरूलाई प्रधानमंत्रीले विशेष रूपमा निम्ताउनु भएको हो। यसै प्रकार देशका विभिन्न राज्यहरूमा समाज जीवनका क्षेत्रमा विशेष उपलब्धी हासिल गर्ने हजारौं व्यात्तिहरूलाई दिल्ली निम्ताईएको छ। दार्जीलिङ्को सानो गाावँमा बस्ने दिलीप राईले प्रधानमंत्रीबाट निमंत्रण पाउँदा धेरै खुाशी र सौभाग्यशाली रहेको बताउनु भएको छ। उहाँ भन्नुहुन्छ – **बाईट**

यी सबै व्यात्तिहरू आज दिल्लीका लागि प्रस्थान गर्नुभएको छ।

****** ० ******

**आरजी कर**

कलकत्ता हाइकोर्टले आरजी कर मेडिकल कलेजकी महिला डाक्टरको बलात्कार अनि हत्या मामिलामा दोषी संजय रायलाई फाँसी दिन माग गर्दै सीबीआई र राज्य सरकारले दायर गरेको याचिकामाथि सोमबार सुनुवाइ गर्ने भएको छ। यसअघिए सियालदह अदालतले यो केसमा संजयलाई दोषी ठहर गर्दै आजीवन कैदको सजाय सुनाएको थियो। तरए राज्य सरकारले यो सजायलाई अपर्याप्त भन्दै फाँसीको मागसहित हाइकोर्टमा याचिका दायर गरेको हो। सीबीआईले पनि यही माग राख्दै अदालतको शरण लिएको छ। सीबीआईले राज्य सरकारको याचिका चुनौती दिँदै यस मामिलामा याचिका दायर गर्ने अधिकार राज्य सरकारसँग नभएको दाबी गरेको छ। अदालतले अब सीबीआई र राज्य सरकारका याचिकामाथि एकसाथ सुनुवाइ गर्ने निर्णय गरेको छ। यस मामिलामा अस्पतालका पूर्व प्रिन्सिपल तथा थानाका पूर्व प्रभारीलाई पनि पक्राउ गरिएको थियोए तर चार्जशीट समयमै दायर नभएकाले उनीहरू जमानतमा रिहा भएका छन्।

****** ० ******

**गणतन्त्र दिवस सुरक्षा**

गणतन्त्र दिवसलाई ध्यानमा राख्दै सीमा सुरक्षा बल (बीएसएफ) ले भारत-बंगलादेश सीमा (आईबीबी) मा सुरक्षा बलियो बनाउन 'अप्स अलर्ट' अभियान शुरू गरेको छ। ४ए०९६ किलोमिटर लामो सीमामा गस्ती र निगरानीलाई थप सशक्त बनाउन यो अभियान चलाइएको हो। बीएसएफ पूर्वी कमानका एडीजी रवि गान्धीले दक्षिण बंगाल फ्रन्टियरको निरीक्षण गर्दै सुरक्षा तयारीको समीक्षा गर्नु भयो। बीएसएफ अधिकारि अनुसारए यो अभियान ७६औं गणतन्त्र दिवसअघि कुनै अप्रिय घटना रोक्न चलाइएको

हो। विशेषगरी नदी क्षेत्र र बिना तारबारका सीमामा विशेष सतर्कता अपनाइएको छ। ष्अप्स अलर्ट’ अभियान अन्तर्गत सीमावर्ती विद्यालयका बालबालिकाहरुलाई खेलकुद तथा विद्यालय सामग्री वितरण गर्दै युवाको सशक्तिकरणमा ध्यान दिइएको छ।

****** ० ******

**दुआरे सरकार**

मुख्यमन्त्री ममता बनर्जीको निर्देशनमा आज बिहानदेखि प्रत्येक ग्राम पञ्चायत क्षेत्रमा दुआरे सरकार शिविर सुरु भएको छ। कालचिनी ब्लकको लताबाडीए गारोपाडा लगायत ब्लकका विभिन्न पञ्चायत क्षेत्रमा शिविर सञ्चालन गरिएको छ। यस शिविरमार्फत आम जनताले लक्ष्मी भण्डारए स्वास्थ्य साथीए खाद्य साथीए कास्ट सर्टिफिकेटए कन्याश्री लगायत ३७ सरकारी योजनाहरूको लाभ लिन सक्नेछन्। त्यसैगरीए कालचिनी चिया बगानमा पनि दुआरे सरकार शिविर सञ्चालन गरिएको छ।

****** ० ******

**दुआरे सरकार दार्जिलिंग**

राज्य सरकारले तल्लो तहका मानिसहरूलाई सेवा दिन दुआरे सरकार शिविरको सुरु गरेको छ। दार्जिलिङको पुलबजार क्षेत्रअन्तर्गत २३ वटा ग्राम पञ्चायतमा यो शिविर आजदेखि सुरू भएको छ र फरवरीको पहिलो हप्तासम्म सञ्चालन हुनेछ। रङली-रङलियट खण्डका तकदाहए तकलिङ १ र तकलिङ २ मा पनि शिविर सञ्चालन भइ रहेको छ। यसमा ३८ योजनाका लागि १८ विभागहरूले सेवा दिइरहेका छन्। विशेष रूपमाए २०१७ को आन्दोलनमा बाँकी रहेको बिजुलीको बिल तिर्न उपभोक्ताहरूले ४०% छुटका साथ दर्ता गराउन सक्नेछन्। शिविरको अनुगमन प्रशासनिक अधिकारीहरूद्वारा गरिएको छए र यसमा उपभोक्ताहरूको उल्लेखनीय सहभागिता देखिएको छ।

****** ० ******

**जंगलमा प्रवेश शुल्क**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीको निर्देशनपछि ४८ घण्टाभित्रै राज्यका सबै जंगलमा प्रवेश शुल्क हटाइएको छ। वन विभागले यससम्बन्धी अधिसूचना जारी गरेको छ। बुधबार अलीपुरद्वारमा आयोजित प्रशासनिक बैठकमा मुख्यमन्त्रीले जंगलमा प्रवेश शुल्क लिन नपाइने आदेश दिनु भएको थियो। शुल्क हटाउन अघि बक्सा टाइगर रिजर्भमा पर्यटकलाई प्रति व्यक्ति १५० रुपियाँ अनि प्रति सवारी ४८० रुपियाँ शुल्क तिर्नुपर्थ्यो।

****** ० ******

**व्हाईट अर्किड फेस्टिबल**

खरसांगको मन्टिभियट खेल मैदानमा आज देखि तीन दिने व्हाईट अर्किड फेस्टिबल अर्थात सेतो सुनखरी महोत्सव शुरू भएको छ। यस अवसरमा टुरिष्ट लजबाट जातिय भेषभूषामा एउटा शोभा यात्रा निकालियो। पहाड़का विभिन्न जात गोष्ठीका मानिसहरू महिला, पुरूष र नानीहरूले यस शोभायात्रामा आ- आफ्नो सहभागिता जनाएका थिए। यस शोभा यात्राको उद्दश्य यस सेतो सुनखरी महोत्सव तथा सुनखरी फूलको प्रचार-प्रसार गर्नु रहेको छ। यो शोभायात्रा खरसांग बजारको परिक्रमा गर्दे मन्टिभियट मैदानमा सम्पन्न भयो। त्यहाँ जीटिएका मुख्य कार्यापालले द्वीप प्रज्जवलन गरी यस महोत्सवको विधिवत उद्‌घाटन गर्नुभयो। उद्‌घाटनको अवसरमा विभिन्न सांस्कृतिक संगठनहरू जस्तै प्रतिभा परविार, हाईब्रीड समूह, सुरक्षा तथा हिमालायन हावा संगठन , साहित्य संगठनहरू आदिद्वारा कतवा वाचन , रंगारंग सांस्कृतिक गीत र नृत्यहरू प्रस्तुत गरियो। यस अवसरमा बोल्दै अनित थापाले सुनखरी पहाड़को सम्पदा हो र यसको राम्रो खेती गर्नाले आयवृद्धि गर्न सकिन्छ भन्नुभयो। सुनखरी एउटा सजावटी फूल हो। जो प्रायः सिक्किम र दार्जीलिङका पहाड़ी भेकमा पाइन्छ। भोली सुनखरी पूष्प प्रदर्शनी गरिनेछ।

****** ० ******

**बज्र गुरु मूर्ति**

खरसाङ महकुमा अन्तर्गत घैयाबारीको अप्पर गैरी गाउँमा बुध्द बुध्दिष्ट एसोसिएसनको आयोजनामा १४ फिट अग्लो गुरु रिम्पोर्छे (बज्र गुरु) को मूर्ति अनावरण गरिएको छ। मूर्ति प्राण प्रतिष्ठा र पूजा गरेर रिबा लोपचन लामा र उहाँकी पत्नी प्रिया पण्डित लोपचनको हातबाट अनावरण गरियो। यस गुम्बालाई "महाबोधी मोनाष्ट्री" नाम दिइएको छ र धार्मिक पर्यटन स्थलको रूपमा विकास गरिने बताइएको छ। तीन दिवसीय पूजा कार्यक्रम भोलि सम्म जारी रहनेछए जसको अन्तिम दिन वाङ वितरण गरिनेछ।

मूर्तिको स्थापना गुरु मिङमा पासाङ (अमर लामा) को निर्देशनमा गरिएको हो। आयोजनकर्ताहरूले यस क्षेत्रलाई धार्मिक पर्यटन केन्द्र र शान्तिका लागि केन्द्र बनाउने योजना साझा गरेका छन्।

****** ० ******

**मालदा**

मालदा जिल्लाको मानिकचकस्थित नूरपुरमा मंगलबार आयोजन गरिएको एउटा भलिबल प्रतियोगिताको उद्घाटनका क्रममा गोली चलाइएको घटनाको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि पुलिसले चारजनाविरुद्ध एफआईआर दर्ता गरेको छ। मालदा पुलिस प्रमुख प्रदीप कुमार यादव अनुसार सार्वजनिक स्थलमा गोली चलाउनु गैरकानूनी हो अनि गोली चलाउन प्रयोग गरिएका चार लाइसेन्सप्राप्त बन्दुक जफत गरिएको छ। यस घटनाले राजनीतिक प्रतिक्रिया पनि निम्त्याएको छ। भाजपाका महासचिव गौरचन्द्र मण्डलले राज्यमा गोलीबारीको संस्कृति बढेको आरोप लगाउनु भएको छ। अर्को तर्फ तृणमूलले घटनाको अनुसन्धान भइरहेको र दोषीलाई कानूनी कारबाही हुने बताएको छ।

****** ० ******

**मौसम दार्जीलिङ**

दार्जीलिङ पहाड़ लगायत सिलगड़ीको तराई अनि डुर्वसमा निकै जाड़ो बढ़ेर गएको छ। आज अपरान्ह दार्जीलिङ पहाड़को जीटिए क्षेत्रका प्रायः सबै भागहरूमा हल्का पानी परिरहेको छ। जीटिए क्षेत्रका विशेषगरी सन्दकफू , अनि सिंगालीला रेंजमा निकै हिमापात भईरहेको समाचार प्राप्त भएको छ। साँझ पहाड़का कैंयन भागहरूमा बाक्लो कुहिरो लागेकोले वाहन चालकहरू र यात्रीहरूलाई केही असुविधा भएको देखियो। बेलुकी चार बजी पछि कैंयन ठाउँहरूमा कुहिरोले गर्दा दृश्यता एकदमै घटेर गएकोले हेडलाईट बालेर वाहन चलाउन चालकहरू वाध्य देखिए। पहाड़का कैंयन स्थानमा भईरहेका खेलहरू विशेषगरी फूटबल म्याचहरूलाई सारिएको छ। खरसांगमा पनि जारी शहीद कपको फूटबल म्याच बाक्लो कुहिरोको कारणले गर्दा सार्न परयो। सिलगड़ी तराई क्षेत्रमा पनि आज साँझतिर हल्का वर्षा भयो। सिलगड़ी र तराई डुर्वसमा आज बिहानदेखि नै मौसम खराब देखियो। यसले गर्दा सम्पूर्ण उत्तर बंगालमा नै तापमान निकै झरेको छ र जाड़ो बढ़ेर गएको छ। गावँ -वस्ती , शहर , बजारमा मानिसहरू आगो ताप्न वाध्य भएका छन्।

****** ० ******

**विमान प्रभावित**

कोलकाताको दमदम विमानस्थलमा आज बिहान बाक्लो कुहिरोका कारण हवाई सेवा प्रभावित भयो। दृश्यता केवल ५० मिटरमा झरेपछि धेरै उडानहरू रद्द र केही अन्यत्र मोडिनु पर्‍यो। बागडोगरा जाने एक उडान अचानक रद्द हुँदा यात्रीहरू आक्रोशित बने। यात्रीहरूले उडान रद्दको सूचना ढिलो दिएकोमा अधिकारीहरूप्रति असन्तोष व्यक्त गरे। विमानस्थलका अधिकारीहरूले बताए अनुसार कुहिरोसँग जुध्न अत्याधुनिक लाइटिङ सिस्टम प्रयोग गरिए पनि मौसम सुध्रिन समय लाग्नेछ। मौसम विभागले आगामी दिनहरूमा कुहिरोको प्रभाव जारी रहने चेतावनी दिएको छ।

****** ० ******

**भागोप्रमो तीनधारे महानदी**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा तीनधारे महानदी समष्टिको शाखा पसौं अभियान अन्तर्गत चौथो सांगठनिक सभा जंगपाना चियाबारीमा सम्पन्न भएको छ। यस सभा सोनाम लामाको अध्यक्षता र ट्रेड युनियन खरसाङ महकुमा समितिको सभापति सागर गुरुङको सञ्चालनमा सम्पन्न भएको छ। सभा पार्टीको सांगठनिक गतिविधि र भावी कार्यक्रमहरु विषयमा चर्चा परिचर्चा गरियो। यसै सभामा जंगपाना चियाबारीमा युवा शक्ति र नारी शक्तिको शाखा कमिटी गठन गर्नलाई संयोजकहरु चयन गरिएको छ। यसम माथिल्लो जंगपानाको लागि नारी शक्तिमा रञ्जना छेत्री र युवा शक्तिमा सञ्जय गुरुङ र जयदीप तामाङ चयन भएका छन्। त्यसरी नै तल्लो जंगपानाको लागि नारी शक्तिमा अञ्जिता छेत्री र युवा शक्तिमा सन्तोष गुरुङ चयन भएका छन्।

****** ० ******

**'खरसाङ वाइट अर्किड'**

खरसाङमा हुन गईरहेको

****** ० ******

**राजु बिष्ट**

दार्जिलिङ सांसद राजु

****** ० ******

**भोइस अफ् खरसाङ**

खरसाङ पञ्चायत समितिको

****** ० ******

**कार्यशाला**

तकनीकी क्रान्ति र

****** ० ******

**गुम्बा- शतवार्षिकी**

कालेबुङको प्रिमताम

****** ० ******

**नगरकट्टा- म्यारथन दौड**

डुवर्सको नगरकट्टामा

****** ० ******